# प्रदेश सभा

## सुदूरपश्चिम

२०७६/०४/२८

चौथो अधिवेशन

(३४औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको ३४औं बैठकको कारवाही प्रारम्भ हुन्छ।

२. **माननीय सदस्यहरू,**

अब विशेष समय शुरु हुन्छ।

३. **माननीय सदस्यहरू,**

मिति २०७६।०४।२६ गतेको ३३औं सभा बैठकको शुन्य समयमा उठान भएका प्रश्नहरुको जवाफ दिन प्रदेश सभा नियमावली २०७४ को नियम ५७ बमोजिम विशेष समय माग भई आएकोले आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई विशेष समय प्रदान गरेको छु।

**(बोली सकेपछि )**

४. **माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ।

५. **माननीय सदस्यहरु,**

अब **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ।

६. **माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमती माग्ने प्रस्ताव उपर कुनै पनि माननीय सदस्यको विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु।

***(जानकारी गराएपछि)***

७. **माननीय सदस्यहरु,**

अब, म भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री **माननीय विनिता देवी चौधरी**लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (१) बमोजिम संक्षिप्त बक्तव्य सहित **"सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु।

***(टेबुल गरेपछि)***

८. **माननीय सदस्यहरु,**

अब, **“सुदूरपश्चिम प्रदेशको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथिको आजको कार्बाही यहि समाप्त हुन्छ ।

९. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यहि समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल श्रावण २९ गते बुधवार दिउसो ३:००. बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।